# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः २४ अप्रेल २०२५

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले भारतले प्रत्येक आतंकबादी र तिनका समर्थकहरुको पहिचान गर्ने र दण्डित गर्ने बताउनु भएको छ ।

- गृहमन्त्री अमित शाह र विदेशमन्त्री एस जयशंकरले राष्ट्रपति द्रौपदी मुर्मूसँग आज अपराह्न राष्ट्रपति भवनमा शिष्टाचार भेट गर्नुभयो ।

- भाजपाले आज सिलिगुडीमा एसएससी भर्ती भ्रष्टाचारको विरोधमा विरोध रैलीको आयोजना गर्यो I

- दार्जिलिङ पहाडका विभिन्न ग्राम पन्चायत कार्यलयहरुमा पनि राष्ट्रिय पंचायतीराज दिवस पालन गरेको जानकारी प्राप्त भएको छ I

- जोरबंगलो सुकेपोखरी खण्ड अन्तर्गत सुके सिमाना ग्राम पन्चांयत कार्यालयले ग्राम पन्चांयत क्षेत्रहरुमा सबै साइनबोर्डहरुमा नेपाली भाषा अनिवार्य रुपमा समावेश गर्ने निर्णय लिएको छ I

-

**प्रधानमन्त्री - -पहलगाम -आतंकबाद**

प्रधानमन्त्री नरेन्द्र मोदीले भारतले हरेक आतंकबादी र तिनका समर्थकहरुको पहिचान गर्ने र दण्डित गर्ने बताउनु भएको छ I उहाँले अझ भन्नुभएको छ - भारतले आतंकबादीहरूलाई पृथ्वीको अन्त्यसम्म पछयाउनेछ। प्रधानमन्त्री मोदीले न्याय सुनिश्चित गर्न हरसम्भव प्रयास गरिने र सिङ्गो देश यस सङ्कल्पमा अडिग रहेको बताउनु भएको छ । राष्ट्रिय पंचायती राज दिवसको अवसरमा मधुवनी जिल्लामा एक जनसभालाई सम्बोधन गर्नुहुदै प्रधानमन्त्री श्री मोदीले देशको आत्मालाई आतंकवादले कहिल्यै तोड्ने नसक्ने बताउनु भएको छ I प्रधानमन्त्री श्री मोदीले मानवतामा विश्वास गर्ने सबै भारतको साथमा रहेको कुरामा पनि जोड दिनुभएको छ । २२ अप्रेलमा जम्मु–कश्मीरको पहलगाममा आतङ्ककारीहरूले निर्दोष मानिसहरूको हत्या गरेका थिए। प्रधानमन्त्री श्री मोदीले यस घटनापछि देश दुःखी र पीडामा डुबेको र पीडित परिवारको साथमा रहेको बताउनु भएको छ ।

****** ० ******

**भारत - अटारी सीमा बंद**

पहलगाम आतंकवादी हमलापछि भारतले अटारी सीमा बन्द गर्ने निर्णय गरेको छ I यस अन्तर्गत आज रिट्रिट समारोहमा समेत अटारी सीमाको भारततर्फको गेट नखुल्ने भएको छ I यसबाहेक प्रोटोकल अनुसार सूर्यास्तको समयमा भारतीय झण्डा तल झार्ने समयमा सैनिकले हात मिलाउने छैनन्। यसैबीच, विश्वप्रसिद्ध रिट्रिट समारोह हेर्न अटारी–वाघा चेकपोष्ट पुगेका सयौं पर्यटकले आक्रमणप्रति दुःख व्यक्त गरेका छन्। पर्यटकहरुले घटनामा संलग्नलाई कठोर कारबाही गर्न माग गरेका छन्।

****** ० ******

**गृहमन्त्री अमित शाह-राष्ट्रपति**

गृहमन्त्री अमित शाह र विदेशमन्त्री एस जयशंकरले राष्ट्रपति द्रौपदी मुर्मूसँग आज अपराह्न राष्ट्रपति भवनमा शिष्टाचार भेट गर्नुभयो । पहलगाम आतंकवादी हमला र पाकिस्तान विरुद्ध भारतको कठोर कुटनीतिक कदमको पृष्ठभूमिमा यो कदम

चालिएको हो । यसैबीच, विदेश मन्त्रालयले दिल्लीको साउथ ब्लकमा भएको पहलगाम आतंकवादी हमलाबारे केही देशका राजदूतलाई जानकारी गराएको छ । उक्त आतङ्ककारी आक्रमणबारे जर्मनी, जापान, पोल्याण्ड, ब्रिटेन रसियाका विदेशी राजदूतहरुलाई जानकारी गराइएको थियो ।

****** ० ******

**सेनाप्रमुख -कश्मिर भ्रमण**

सेनाप्रमुख जनरल उपेन्द्र द्विवेदीले भोलि पहलगाममा भएको आतंकवादी हमलापछि जम्मु–कश्मीरको भ्रमण गर्नुहुनेछ । सुत्र अनुसार सेनाप्रमुखले त्यस क्षेत्रको सुरक्षा व्यवस्थाको समीक्षा गर्नुहुनेछ । स्थानीय सैन्य संरचनाका शीर्ष कमान्डरहरूले सेना प्रमुखलाई घाटी र नियन्त्रण रेखामा बलले चालेका प्रतिआतङ्ककारी कदमहरूको बारेमा जानकारी दिनेछन्।

****** ० ******

**भाजपा -एसएससी भर्ती भ्रष्टाचार सिलीगुड़ी विरोध रैली**

सिलिगुडीमा भाजपाको तर्फबाट एसएससी भर्ती भ्रष्टाचारको विरोधमा आज विरोध रैली निकालियो। भाजपाको रैलीको कारण क्षेत्रमा केही समय तनाव उत्पन्न भएको थियो। वास्तवमा, एसएससी भर्ती भ्रष्टाचारको सम्बन्धमा भाजपाको सिलिगुडी सांगठनिक जिल्लाको आह्वानमा एसडीओ कार्यालय घेराउ कार्यक्रम आयोजना गरिएको थियो। इस कार्यक्रममा दार्जीलिंगका लोकसभा सांसद राजू बिष्ट, जिला अध्यक्ष अरुण मंडल, विधायक दुर्गा मुर्मू, आनंदमय बर्मन सहित अन्य जिला नेतृत्व उपस्थित हुनुहुन्थ्यो यस अवसरमा सांसद राजु बिष्टले भन्नुभयो -भाजपा एसएससी भर्ती भ्रष्टाचारमा संलग्न ममता बनर्जीको राजीनामा माग गर्दछ किनभने उनको अनुमति बिना केहि पनि हुन सक्दैन। संसद बिस्टले यो भ्रष्टाचारको चाडै समाधान नभए तथा रोजगारी गुमाएकाले न्याय नपाए ठूलो आन्दोलन गर्ने बताउनु भएको छ ।

****** ० ******

**दार्जीलिंग -संघ लोक सेवा -सम्बर्धना**

यूपीएससी परीक्षा उत्तीर्ण गरेकी पहाडकी छोरी जोजिला दोलकर भुटियालाई आज दार्जीलिङ पुलिस ले सम्वर्द्धना जनायो । दार्जिलिङको मेरी भिल्ला निवासी जोजिला दोलकर भुटियाले भारतको प्रतिष्ठित र कठिन UPSC परीक्षा उत्तीर्ण गर्दै अखिल भारतीय स्तरमा 765 औं स्थान हासिल गरेकी छिन्। आजको यस सम्बर्द्धना कार्यक्रममा पुलिस प्रमुख प्रवीण प्रकाश लगायत अन्य पुलिस अधिकारीहरुको बिशेष उपस्थिति रहेको थियो।यसरी नै प्रतिभा लामाले पनि UPSC परीक्षा पास गर्दै अखिल भारतीय स्तरमा 461 औं स्थान हासिल गरेकी छन्।

****** ० ******

**कैजले राष्ट्रिय पंचायती राज दिवस**

दार्जिलिङ पहाडका विभिन्न ग्राम पन्चायत कार्यलयहरुमा पनि राष्ट्रिय पंचायतीराज दिवस पालन गरेको जानकारी प्राप्त भएको छ।प्राप्त जानकारी अनुसार , दार्जिलिङ पुलबजार खण्ड अधिनस्त कैजले ग्राम पन्चायत कार्यलयमा आज राष्ट्रिय पंचायती दिवस पालन गरियो । ग्राम पन्चायत प्रधान प्रमिला लामाको सक्रियतामा आयोजना गरिएको कार्यक्रममा उपप्रधान पुजा छेत्री पन्चायत सचीव अन्जिप प्रधान लगायत ग्राम पन्चायत अधिनस्त सबै वार्ड सदस्यहरु उपस्थित रहेका थिए । ग्राम सभासगै आयोजित कार्यक्रममा पन्चायत व्यवस्था शुरु भएयता देशले पाएको परिवर्तन सगै जनमानसहरुले पाएको सुविधाहरु बारेमा प्रधान प्रमिला लामाले बृस्तित रूपमा जानकारी प्रदान गर्नुभयो।

****** ० ******

**जोरबंगलो सुकेपोखरी -नेपाली भाषा**

जोरबंगलो सुकेपोखरी खण्ड अन्तर्गत सुके सिमाना ग्राम पन्चांयत कार्यालयले एक बिशेष सभा आयोजना गरेर ग्राम पन्चांयत क्षेत्रमा सबै साइनबोर्डहरुमा नेपाली भाषा अनिवार्य रुपमा समावेश गर्नुपर्ने निर्णय लिएको छ।जीटीए द्वारा जारी गरिएको निर्देश अनि पन्चांयत कार्यलयमा सुकेपोखरीको व्यापरी संगठन, अन्य संध संस्थाहरूको सगको साधारण सभामा सुके सिमाना

ग्राम पन्चांयत क्षेत्र अन्तर्गतका सबै दोकानहरु, रेस्टुरेन्टहरु,होटल,होमस्टे साथै अन्य संस्थानहरूमा सबै साइनबोर्डहरुमा नेपाली भाषा अनिवार्य रुपमा समावेश गर्नुपर्ने निर्देश जारी गरिएको छ।

****** ० ******

**सिलिगुडी-बंगलादेशी पक्राउ**

सिलिगुडीबाट नौ जना बंगलादेशी नागरिक पक्राउ परेका छन् । सिलिगुडी महानगरीय पुलिस आशीघर पोस्टमा खटिएको पुलिसले बंगलादेशीनागरिकलाई शहरको फकदैबारी क्षेत्रबाट पक्राउ गरेको हो । पक्राउ परेकामध्ये दुई जना बंगलादेशी नाबालक रहेका छन् । यसबाहेक बंगलादेशीलाई आश्रय दिएको आरोपमा घरका मालिकलाई पनि पक्राउ गरिएको छ । पुलिस सुत्र अनुसार, सिलिगुडी महानगरीय पुलिसलाई केही महिनाअघि इस्लामपुर क्षेत्र हुँदै केही बंगलादेशी हरू अवैध रूपमा भारत प्रवेश गरेको सूचना प्राप्त भएको थियो।

****** ० ******

**पश्चिम बङ्गाल -मौसम**

पश्चिम बंगालको राजधानी कोलकाता सहित दक्षिण बंगालका केही जिल्लाहरूमा अत्याधिक गरम हुने सम्भावना मौसम बिभागले व्यक्त गरेको छ । मौसम विभाग अनुसार पश्चिम मेदिनीपुर, झाड़ग्राम, बाँकुड़ा, पूर्व बर्दमान, पश्चिम बर्दमान र बीरभूम जिल्लामा लू (तापप्रवाह) चल्ने स्थिति उत्पन्न भएको छ जसले गर्दा यी जिल्लाहरूको लागि विशेष सतर्कता जारी गरिएको छ। यी क्षेत्रहरूमा अधिकतम तापमान सामान्यभन्दा 5 डिग्री सेल्सियस अधिक दर्ता गरिएको छ जुन लूको श्रेणीमा पर्दछ।यता उत्तर बंगालका दार्जीलिङ, कालेबुङ, जलपाईगुड़ीका कुनै-कुनै ठाउँहरूमा मेघ गर्जनसितै हल्कादेखि मध्यम वर्षा हुने सम्भावना व्यक्त गरिएको छ।

****** ० ******

**बस-ट्रक दुर्घटना -घाइते**

सिलीगुड़ी संलग्न बंगाल सफारी पार्क अघि आज बस अनि ट्रक ठोक्किंदा दर्जनौ यात्रीहरु घाइते भएका छन्, जस मध्ये छ यात्रीको हालत अत्यन्त गंभीर रहेको जानकारी प्राप्त भएकोछ । गम्भीर घाइते यात्रिहरुलाई उत्तर बंगाल मेडिकल कॉलेजमा भर्ती गरिएको छ । मामूली रूपमा घाइते भएकाहरुको चिकित्सा सिलीगुड़ी जिल्ला अस्पतालमा चलिरहेको छ । सूत्र अनुसार, आज सिलीगुड़ीबाट मालबाजार गइरहेको बस बंगाल सफारी संलग्न सेवक रोडमा एक ट्रक सित सोझो रुपमा ठोक्किंदा उक्त घटना भएको हो । घटनाको खबर प्राप्त हुने बित्तिकै भक्तिनगर थाना पुलिस घटना स्थलमा पुगेर घाइतेहरुलाई अस्पताल पठायो । जानकारी अनुसार बस चालक अनि खलासीको हालत गम्भीर रहेको छ । भक्तिनगर थाना पुलिसले मामिलाको जांच गरिरहेकोछ ।

****** ० ******

**जोन बारला पत्नी शोक**

पुर्व कन्द्रीय मंत्री जोन बारला कि पत्नी महिमा बारलाको दिल्लीको एम्स हस्पिटलमा उपचारको कममा निधन भएको जानकारी प्राप्त भएको छ ।उहाँको निधनमा दार्जीलिंगका लोकसभा सांसद राजु बिस्ट लगायत भाजपाका अन्य नेतृत्वले गहिरो शोक व्यक्त गरेका छन् ।

****** ० ******

**कोलकाता पुलिस छापामारी -भन्डाफोर**

कोलकाता पुलिसको खुफिया विभागले हिज अबेर राति छापा मारेर दुई नक्कली कल सेन्टरको भण्डाफोर गरेको छ । यी कल सेन्टरमार्फत अमेरिका, अष्ट्रेलिया र युरोपीय देशका नागरिकहरुलाई तकनिकी सहयोगको नाममा ठगिने गरेको पाइएको छ । उक्त घटनामा पुलिसले १६ जनालाई पक्राउ गरेको छ । अधिकारीहरू अनुसार यी नक्कली कल सेन्टरहरू कोलकाताको सेलिमपुर र बेहाला क्षेत्रमा सञ्चालित थिए। छापामार्ने क्रममा ठूलो संख्यामा मोबाइल फोन, कम्प्युटर, ल्यापटप, हेडफोन र विभिन्न आपत्तिजनक कागजातहरू उद्धार गरिएको छ।

****** ० ******